

photo: Trey McIntyre Project by US Consulate Guangzhou

# अमेरिकी ब्यालेटको संक्षिप्त इतिहास

सुसन युङ्ग

२०१३

BAM

# DanceMotion USA[SM] को बारेमा

यो निबन्ध विश्वव्यापी दर्शकका लागि अमेरिकी नाचमा जानकारी प्रदान गर्न DanceMotion USA[SM] द्वारा उत्पादन गरिएको थियो । DanceMotion USA[SM] प्रान्तको अमेरिकी विभागको शिक्षा तथा संस्कृति मामिलाको व्यूरोको कार्यक्रम हो, जुन पारस्परिक बुझाइलाई सहजीकरण गर्दै राम्रो कन्टेम्पोररी अमेरिकी नाच विदेशमा देखाउन बाम (ब्रुकलिन एकेडेमी अफ म्यूजिक) को उत्पादन हो । DanceMotion USA[SM] ले अद्वितीय नागरिकहरू सृजना गर्न मुख्य सांस्कृतिक, सामाजिक सेवा र समुदायमा आधारित संस्थाहरू र शैक्षिक इन्स्टिच्यूसनहरूसँग युएस राजदूतावासको साझेदारी गर्न सहायता गर्छ, जसले अन्तरक्रिया र संलग्नतालाई अनुमति दिन्छ । व्यक्तिबाट व्यक्तिसँग अन्तरक्रियाको अतिरिक्त कार्यक्रम राजदूतावास र राजदूतावासको पुस्तकालयमा राखिएका शैक्षिक स्रोतहरू र सक्रिय सामाजिक र डिजिटल मिडिया योजनाबाट धेरै दर्शकसम्म पुगेको छ ।

**कृपया dancemotionusa.org मा हेर्नुहोस्**

DANCE MOTION USA

BAM

# लेखकको बारेमा

सुसन यङ्ग

बाममा पब्लिकेसन व्यवस्थापक सुसन यङ्गले कार्यक्रमहरू, सम्पादकीय विषय र विभिन्न परियोजनाहरू उत्पादन गर्नुहुन्छ र सम्पादन गर्नुहुन्छ र BAM Blog मा सहायता गर्नुहुन्छ । उनी बामः द कम्प्लिट वर्क्स्मा सहसम्पादक हुनुहुन्थ्यो, संस्थाको १५० वर्ष मनाउँदै गरेको ठूलो पुस्तक र पिना बाउस्च र बिल टि. जोन्सको साथमा आइकोनिक कलाकारहरूमा भएका धैरै निबन्धहरूमा सहायता गर्नुभएको छ । नाच र दृश्य कलामा केन्द्रित भएकी अस्थायी लेखकको रूपमा तिनले Ephemeralist.com, मा ब्लग लेख्नुहुन्छ र डान्स पत्रिका, डब्लुएनइटीज् सन्डे आर्टस् ब्लग, पोन्टे, भिलेज भोइस, ब्यालेट तान्ज (बर्लिन), ब्रुकलिन रेल र अन्य धैरैका साथमा विभिन्न पब्लिकेसनहरू र वेबसाइटहरूमा सहायता गर्नुभएको छ । युङ्गले आठ वर्ष बेसी अवार्ड समितिमा सेवा गर्नुभएको थियो र विभिन्न सांस्कृतिक उपहार र अवार्ड दिने संस्थाहरूका लागि निर्णायक हुनुभएकी छिन् ।

# अमेरिकी ब्यालेटको संक्षिप्त इतिहास (Brief History of American Ballet)

BAM

परिचय

अमेरिकामा भएको ब्यालेट रसिया र युरोपको मूलबाट र प्राथमिक रूपमा फ्रान्स र बेलायतबाट विकसित भएको हो। अत्यावश्यक र महत्वपूर्ण रहँदैआएका पहिलेका प्रमुख कम्पनीहरूमा निम्नहरू पर्छन्: 1939 मा लुसिया चेज (Lucia Chase) र ओलिभर स्मिथले स्थापित गरेको American Ballet Theatre; San Francisco Ballet, जुन सहरको ओपेरा कम्पनीबाट छुट्टिएपछि 1942 मा विलियम क्रिस्टेन्सेन (William Christensen) को अधीनमा आफ्नै अस्तित्वमा आएको थियो र New York City Ballet, जसलाई 1948 मा लिन्कन किर्स्टेन (Lincoln Kirstein) र जोर्ज बलनचिन (George Balanchine) ले आधिकारिक रूपमा स्थापित गरेका थिए। गत आधा शताब्दीका अमेरिकाका महत्त्वपूर्ण ब्यालेट मण्डलीहरूमध्ये धेरैलाई यी सङ्गठनहरूबाट गएका नृत्य-निर्देशकहरू र नृत्यकारले स्थापित गरेका थिए।

जोर्ज बलनचिन र न्यूयोर्क सिटी ब्यालेट (GEORGE BALANCHINE AND NEW YORK CITY BALLET)

अमेरिकी ब्यालेटमा एकल रूपमा सबैभन्दा प्रभावशाली व्यक्ति Balanchine हुन्, (1904-1983), जो रसियामा जन्मिनुभएको थियो। सानो छँदा उहाँले ब्यालेट र पियानोको अध्ययन गर्नुभयो र आफ्नो किशोरावस्थामा नृत्य-निर्देशन गर्न सुरु गर्नुभयो। उहाँले 1921 मा मारिन्स्कि ब्यालेटमा भाग लिन सुरु गर्नुभयो र 1924 मा प्यारिसमा हुने ब्यालेट रुसेज (Ballets Russes) को लागि रसिया छोड्नुभयो र अन्य स्थानहरूमध्ये त्यहाँ पनि उहाँले नृत्य-निर्देशन गर्नुभयो। 1920-30 मा उहाँले धेरै ब्यालेटहरू बनाउनुभयो, जुन अझै उहाँको उत्कृष्टहरू मध्येमा पर्छ, जसमा एपोलो एन्ड सिरिनेड सम्मिलित छ र न्यूयोर्क सिटी ब्यालेटको सङ्कलनमा आजसम्म पनि रहेको छ । 1933 मा संयोजक लिन्कन किर्स्टेन (Lincoln Kirstein) ले उहाँलाई न्यूयोर्कमा अमेरिकी ब्यालेट स्कूल सुरु गर्न बोलाउनुभयो, जहाँ उहाँले नृत्यकारहरूलाई प्रशिक्षण दिनुभयो, जो अन्ततः कम्पनीमा सम्मिलित हुन्थे। उहाँले मेट्रोपोलिटन ओपेरा, प्यारिस ओपेरा ब्यालेट, ब्यालेट रुसेज, ब्रोडवेमा र हलिउड चलचित्रहरूमा नृत्य-निर्देशक र/वा ब्यालेट मास्टरको रूपमा पनि काम गर्नुभयो। New York City Ballet 1964 सम्म न्यूयोर्क सिटी सेन्टरमा स्थापित थियो, जब यो आफ्नो हालको घर लिन्कम सेन्टरमा रहेको कोच नाचघरमा सर्यो। यसको मूल सङ्कलनको रूपमा बलचिनको कृति रहँदैआएको छ, जसलाई बलचिन ट्रस्टले निरीक्षण गर्दै आएको छ।

बलचिनले पौराणिक कथाहरूमा आधारित धेरै ब्यालेटहरूको सिर्जना गरेका छन् र आधुनिकतावादीहरू र कथावस्तुरहित ब्यालेटहरूको लागि ऐतिहासिक पथको विकास गरेका थिए, जसलाई केही हदसम्म उहाँको इगोर स्ट्राभिन्सकिको मौलिक आधुनिक सङ्गीतप्रतिको आकर्षणले प्रभावित पारेको थियो। तिनीहरूमा सबैभन्दा लोकप्रिय संलग्न छ, जस्तैः Agon, Rubies, Symphony in Three Movements र Duo Concertant। धेरैमा प्रस्तुति अवयवहरू न्यूनतम छन्; नृत्यकारहरूले प्रायः सामान्य कालो र सेतो लिओटार्डहरू लगाउँछन्। बलनचिनको चाललाई यसको सङ्गीत कुशलता, चाल र आकाशीय कल्पना, सुन्दरता र मानवताको लागि कदर गर्न सकिन्छ।

सम्मानित अमेरिकी ब्रोडवे नृत्य-निर्देशक Jerome Robbins 1949 मा NYCB को सह-निर्देशक बन्नुभयो र धेरैजसो ज्याज शैली, नाटकीय मीठास भएका धेरै प्रिय ब्यालेटहरूको सिर्जना गर्नुभयो, जस्तैः Fancy Free, Afternoon of a Faun र West Side Story Suite। उहाँ र डेनमार्कमा जन्मिनुभएको (भूतपूर्व प्रमुख नृत्यकार) Peter Martins बलनचिनको मृत्यु पश्चात् सह-कलात्मक निर्देशक हुनुहुन्थ्यो; 1990 मा मार्टिन्स कम्पनीको प्रमुख बन्नुभयो र NYCB को लागि धेरै ब्यालेटहरूको सिर्जना गर्नुभएको छ, जस्तैः Calcium Light Night। पारम्परिक शैलीमा गरिएको नयाँ कामहरूले NYCB को सङ्कलन बनेको छ र 1992 देखि NYCB को डाइमण्ड परियोजना र न्यूयोर्क नृत्यकला संस्थाले सिर्जनात्मक प्रक्रियामा रहेका दर्जनौं समकालीन ब्यालेट नृत्य-निर्देशकहरूलाई समर्थन र मान्यता प्रदान गरेको छ। गत दशकमा Christopher Wheeldon (केराउजेल, आफ्टर द रेन) र Alexei Ratmansky ले न्यूयोर्कमा सर्नुअगाडि बोल्शोइ चलाउनुभएको थियो (कन्सर्टो DSCH, नमउना र अहिले ABT को निवास स्थान-मा-कलाकार), Benjamin Millepied (जसले LA Dance Project को स्थापना गर्नुभएको थियो र जो प्यारिस ओपेरा ब्यालेटको कलात्मक निर्देशक हुनेछन्) र हाल Justin Peck एउटा NYCB एकल कलाकारको उदय देखेको छ।

NYCB सँग सम्बन्ध राख्ने प्रख्यात सङ्गठनहरूमा निम्नहरू पर्छन्:
*Dance Theater of Harlem (न्यूयोर्क), जसलाई 1969 मा अर्थर मिसेल (Arthur Mitchell) ले सुरु गर्नुभएको थियो (केही अन्तरालपछि यसलाई हालैमा भर्जिनिया जोन्सोन (Virginia Johnson) अन्तर्गत पुनर्जीवित गरिएको थियो)
*Miami City Ballet, जसलाई 1985 मा एड्वर्ड भिलेला (Edward Villella) ले स्थापित गर्नुभएको थियो र अहिले लोउरडेस लोपेज (Lourdes Lopez), भूतपूर्व NYCB प्रमुख नृत्यकारको नेतृत्वमा रहेको; उहाँ मोर्फोसिसको निर्देशक पनि हुनुहुन्छ
* Suzanne Farrell Ballet (वासिङ्गटन, DC) जसलाई 2001 बाट समावेश गरिएको थियो र बलनचिनको प्रसिद्ध प्रेरक शक्तिहरूमध्ये एकको नेतृत्वमा छ
* Pacific Northwest Ballet (सियाटल), जुन अहिले पिटर बोआल (Peter Boal) अन्तर्गत छ, जसले फ्रेन्सिया रसेल (Francia Russell) र केन्ट स्टोवेल

BAM

(Kent Stowell) को लामो कार्यावधि पछि यसलाई लिएका थिए र यो यसको विविधतापूर्ण सङ्कलनको साथसाथै उत्कृष्ट तरिकाको लागि प्रसिद्ध छ
* Vail International Dance Festival, जसलाई डामियन वोट्जेल (Damian Woetzel) द्वारा आयोजित गरिन्छ र जहाँ विभिन्न कम्पनीहरू र विधाहरूको कलाकारहरूको बीचमा चाखलाग्दो सहकार्यले आकार लिन्छ

अमेरिकी ब्यालेट नाचघर (AMERICAN BALLET THEATRE)

American Ballet Theatre 1940 मा नयाँ कामहरू र उत्कृष्ट प्राचीन कामहरूको स्रोतको रूपमा सुरु भएको थियो तर कथाहरू भन्ने हालको प्राथमिक रूपको नाटकीय ब्यालेटहरूमा विकसित भयो। बृहत् प्राचीन विवरणात्मक ब्यालेटहरूले यसको सङ्कलनको ठूलो भाग अन्तर्गत पर्छ: Swan Lake, Romeo & Juliet, Giselle र La Bayadère । यसको साथसाथै, विशिष्ट स्वर भएका नृत्य-निर्देशकहरूले सङ्कलनमा योगदान दिएका छन्, तिनीहरूमा एग्नेस डि मिले (Agnes de Mille), एन्थोनी टुडोर (Anthony Tudor), ट्वाइला थार्प (Twyla Tharp) र मार्क मोरिस (Mark Morris) पर्छन्। आवास स्थान कलाकार एलेक्सेइ र्याट्मान्स्किले हालको समयमा ABT मा महत्त्वपूर्ण ब्यालेटहरूको रचना गर्नुभएको छ, जसमा The Nutcracker को नयाँ निर्माण पनि सम्मिलित छ र यसलाई 2010 मा प्रथम प्रदर्शन गरिएकेपछि BAM मा प्रदर्शन गरिएको थियो, जुन डिमिट्रि शोस्टाकोभिकको प्रख्यात The Bright Stream र Shostakovich Trilogy को पुनर्जीवन हो। केही मण्डलीहरूलाई कम्पनीको ओनासिस स्कुलमा प्रशिक्षण दिइएको भए पनि यसका धेरैजसो प्रमुख नाट्यकारहरू विदेशमा जन्मेका हुन्। (यो NYCB सँग मिल्दैन, जहाँ धेरै जना अमेरिकी ब्यालेट स्कुलबाट माथि आउँछन्।) रसियन व्यालेटको प्रसिद्ध कलाकार, मिखायल ब्यारिश्निकोभ (Mikhail Baryshnikov) ले ABT को नेतृत्व एक वर्षको लागि गर्नुभएको थियो; 1992 देखि अमेरिकी केभिन मेक्केन्जी कलात्मक निर्देशकको रूपमा रहँदैआएका छन्।

बलिया स्वतन्त्र स्वरहरू (STRONG INDEPENDENT VOICES)

केही प्रतिभाशाली व्यालेट नृत्य-निर्देशकहरू कम्पनीहरू चलाउनेदेखि लिएर आयोगहरू र प्रोजेक्टहरूसम्म स्वतन्त्र रूपमा काम गरिरहेका छन्। Twyla Tharp ले आफ्नो कम्पनी 1965 मा स्थापित गर्नुभयो; यसले उहाँको नवीन, स्वतन्त्र, ज्याजद्वारा प्रभावित कार्यको प्रदर्शन गर्थ्यो र प्राविधिक रूपमा चुनौतीपूर्ण व्यालेटहरूको सिर्जना गर्ने कार्यमा आफूलाई श्रेष्ठ बनाएका थिए। उहाँले ब्रोडवे (Movin' Out) लगायतका नाचका धेरै विधाहरूमा र चलचित्रमा सफलता हासिल गर्नुभयो र प्रसिद्ध रूपमा बेरिश्निकोभसँग Push Comes to Shove र अन्य नाचहरूमा काम गर्नुभयो। 1970-80 मा भूतपूर्व कनिङ्ह्याम नृत्यकार Karole Armitage रक 'एन' रोलमा आधारित, "पङ्क ब्यालेट" को नृत्य निर्देशन गर्नुभयो। उहाँको विशिष्ट स्वर ब्रोडवे र उहाँको आफ्नै कम्पनी आर्मिटेज गन (Armitage Gone!) मा सुनिँदै आएको छ, जुन इटालीमा केही समयको कार्यावधिपछि उहाँ फर्कनुभएपछि 2006 मा न्यूयोर्कमा पुन: बनेको थियो।

प्रसिद्ध कम्पनीहरू र शैलीहरू (NOTABLE COMPANIES AND TRENDS)

संयुक्त राज्यमा भएका अन्य प्रसिद्ध कम्पनीहरूमा निम्न पर्दछन्:
• San Francisco Ballet, 1985 देखि कलात्मक निर्देशकको रूपमा रहँदै आउनुभएको हेल्गी टोमासनले विशेषत: निवास क्षेत्रमा नृत्य निर्देशकको रूपमा काम गर्नुहुने मार्क मोरिज र युरी पोसोखोभले गर्नुभएको प्रतिष्ठित र आधुनिक कार्यहरूलाई समावेश गर्न विविध सङ्कलनको स्थापना गर्नुभएको छ।
• Ballet Hispanico, जसलाई टिना रामिरेजले न्यूयोर्कमा स्थापना गर्नुभएको थियो; यसले एनाबेल लोपेज ओचोआ (Anabelle Lopez Ochoa) जस्ता स्पेनी कलाकारहरूले गर्नुभएको नृत्य-निर्देशनहरूलाई जोर दिन्छ।
• Joffrey Ballet, जसलाई 1956 मा रोबर्ट जोफ्रेले स्थापित गर्नुभएको थियो र अहिले सिकागोमा छ। उहाँले डेनमार्कको अगस्ट बोर्नभिल (August Bournonville) शैलीलाई US ल्याउनुभयो र कार्यहरूको रचना गर्नुको साथसाथै डियाघिलेभ-कालीन (Diaghilev-era) ब्यालेटहरूलाई पुनर्जीवित गर्नुभयो।
• Houston Ballet, जुन स्टान्टन वेल्च (Stanton Welch) को नेतृत्वमा छ, जसले कयौं ब्यालेटहरूमा नृत्य-निर्देशन गर्नुभएको छ साथसाथै धेरै आधुनिक कलाकारहरूबाट सङ्कलन प्रदर्शन गराउनुभएको छ।
• Aspen Santa Fe Ballet, जोसँग एउटा नवीन व्यवसाय नमुना, दुईवटा गृह आधारहरू र एउटा वस्तृत, प्रख्यात सङ्कलन छ।
• Cedar Lake Contemporary Ballet, जुन न्यूयोर्कमा छ र जसले एक दशकमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त कलाकारहरूद्वारा गरिएका आधुनिक ब्यालेटहरूको प्रभावशाली सङ्कलन नियुक्त गर्नुभएको छ वा प्राप्त गर्नुभएको छ।
• Alonzo King Lines Ballet, जुन स्यान फ्रेन्सिस्कोमा छ र प्राथमिक रूपमा किङ्गको ब्यालेटप्रति आधुनिक, एथलेटिक दृष्टिकोणलाई प्रदर्शन गर्छ।
• Boston Ballet, जसमा प्राचीनदेखि आधुनिक सङ्कलन छ; जोर्मा इलो (Jorma Elo) आवास स्थान नृत्य निर्देशक हुन्।
• Morphoses, जुन मूल रूपमा क्रिस्टोफर विल्डन (Christopher Wheeldon) द्वारा गरिएको नत्य निर्देशन वरिपरि रहेर बनाइएको थियो, तर हालका वर्षहरूमा यसले वार्षिक रूपमा निवास क्षेत्र कलाकारलाई प्रधानता दिएको छ।
• Hubbard Street Dance Chicago, जुन हालका वर्षहरूमा आधुनिक ब्यालेट सहितको चयनशील सङ्कलनतर्फ अगाडि बढिरहेको छ; एलेजान्द्रो सेरुडो (Alejandro Cerrudo) निवास स्थान नृत्य निर्देशक हुनुहुन्छ र जोफ्रे ब्यालेटका भूतपूर्व प्रमुख नृत्यकार ग्लेन एडगेर्टन (Glenn Edgerton) कलात्मक निर्देशक हुनुहुन्छ।

BAM

• Pennsylvania Ballet, जसलाई 1963 मा बलनचिनद्वारा आश्रित बार्बरा वेसबर्जर (Barbara Weisberger) स्थापित गर्नुभएको थियो। कलात्मक निर्देशक रोइ केसर (Roy Kaiser) को अधीनमा रहेर कम्पनीले यसको बलनचिनमा आधारित रङ्गपटललाई विस्तारित गरेको छ।
• Washington Ballet, जसलाई 1944 मा प्रसिद्ध ब्यालेट प्रशिक्षक मेरी डे (Mary Day) ले स्थापना गर्नुभएको थियो र हाल कलात्मक निर्देशक सेप्टिम वरबर (Septime Weber) को अधीनमा छ।

हालका वर्षहरूमा न्यूयोर्कमा धेरै साना ब्यालेट कम्पनीहरू छन्, जसले एउटा नृत्य निर्देशकको काममा ध्यान केन्द्रित गर्छ (Pam Tanowitz Dance, जसको दृष्टिकोण उच्च रूपमा आधुनिक छ) वा एकदमै ठूलो वा सानो बनाइएको सङ्कलनलाई प्रधानता दिन्छ (New York Theatre Ballet, जसको स्थापना डायना बायर (Diana Byer) ले गर्नुभएको थियो र जसले टुडर (Tudor) लगायतका प्रतिष्ठित सङ्कलनहरूलाई पुनर्जीवित गर्छ र नयाँ कथा भएका ब्यालेटहरूलाई मान्यता दिन्छ, जुन सामान्यतया छोटा हुन्छन्)। अन्यहरूमा निम्न पर्दछन्: Ballet Collective, नृत्य, कला, सङ्गीत र कविताको एउटा समिश्रणलाई NYCB को ट्रोइ सुमाकर (Troy Schumacher) सुरु गर्नुभएको थियो; Ballet Next, जसको स्थापना ABT को मिसेल वाइलस् (Michele Wiles) ले गर्नुभएको थियो; र Ballet NY, जसलाई जुडिथ फुगेट (Judith Fugate) र मेधि बाहिरी (Medhi Bahiri) ले सुरु गर्नुभएको थियो र जसले आधुनिक सङ्कलन प्रदर्शन गर्छ र Ballet X, को स्थापना पेन्सिल्भेनिया ब्यालेट (Pennsylvania Ballet) का भूतपूर्व प्रमुखहरू क्रिस्टिन कक्स (Christine Cox) र मेथह्यु निनान (Matthew Neenan) ले गर्नुभएको थियो।

अमेरिकी ब्यालेटको बलियो पिँढी वैदेशिक मूलबाट सुरु भयो, तर प्रभावशाली आधुनिक सङ्कलन र सबै राष्ट्रियताहरूको नृत्यकारहरूको विविधता, र साथसाथै स्वदेशी प्रतिभाले गर्दा यसले आफूलाई नृत्यको इतिहासमा प्रमाणित गर्न सफल भएको छ।

सन्दर्भहरू

एम्बर्ग, जोर्ज। *अमेरिकामा ब्यालेट: अमेरिकी कलाको उदय* । एम्बर्ग प्रेस, 2007, (1923)।
Amberg, George. *Ballet in America: The Emergence of an American Art*. Amberg Press, 2007 (1923).

होमान्स, जेनफिर। *एपोलोज एन्जेलस: ब्यालेटको इतिहास* । ग्रान्टा पुस्तकहरू, 2010।
Homans, Jennifer. *Apollo's Angels: A History of Ballet*. Granta Books, 2010.

जोवटि, डेबोरा। *जेरोम रोबन्सि: उहाँको जीवन, उहाँको नाचघर, उहाँको नाच* । न्यूयोर्क, समिन र सकुस्टर, 2004।
Jowitt, Deborah. *Jerome Robbins: His Life, His Theater, His Dance.* New York, Simon & Schuster, 2004.

मेनार्ड, ओल्गा। *अमेरिकी ब्यालेट* । फलिाडेल्फयिा: मेक्रे समीथ कम्पनी, 1959।
Maynard, Olga. *The American Ballet. Philadelphia: Macrae Smith Company*, 1959.

रेनल्डस्, नेन्सी। *समीक्षामा सङ्कलन: न्यूयोर्क सटिी ब्यालेटको 40 वर्ष* । डायल प्रेस, 1977।
Reynolds, Nancy. Repertory in Review: 40 years of the New York City Ballet. Dial Press, 1977.